सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको
हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण



सूचनाको अध्यावधिक प्रकाशन
२०८३ साउनदेखि असोजसम्म



नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
सिंहदरबार, काठमाडौं

सूचनाको अध्यावधिक प्रकाशन

नेपालको संविधानले नागरिकहरूमा सूचनाको हक प्रत्याभूत गरेको छ। सूचनाको हकको संवैधानिक व्यवस्था कार्यान्वयनको लागि सूचनाको हक सम्बन्धी ऐन, २०६४ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ कार्यान्वयनमा छ। सूचनाको हक सम्बन्धी ऐनको दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरूको विवरण प्रत्येक तीन महिनामा प्रकाशित गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ।

मितिः २०८३ कार्तिक २७ गते

शिक्षा तथा खेलकुद मन्त्रालय

सिंहदरबार, काठमाडौं ।

पृष्ठभूमि

मुलुकको समग्र शैक्षिक प्रशासन तथा व्यवस्थापन एवम् खेलकुद क्षेत्रको नेतृत्व गर्नको लागि स्थापित भएको शिक्षा तथा खेलकुद क्षेत्रको सर्वोच्च निकाय शिक्षा तथा खेलकुद मन्त्रालय हो। यो संघीय मन्त्रालय हो। नेपालको शिक्षा तथा खेलकुद सम्बन्धी राष्ट्रिय नीति निर्धारण, योजना निर्माण, कार्यक्रम कार्यान्वयन, समन्वय, अनुगमन तथा मूल्याङ्कन गरी मुलुकभरको शैक्षिक र खेलकुद सम्बन्धी कार्य सम्पादनको प्रबन्ध मिलाउने जिम्मेवारी र दायित्व यस मन्त्रालयको रहेको छ। सर्वप्रथम शिक्षा मन्त्रालयको नामबाट स्थापना भएको यस मन्त्रालय शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा तथा संस्कृति मन्त्रालय, शिक्षा, संस्कृति तथा समाजकल्याण मन्त्रालय, शिक्षा मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय जस्ता नामाकरण हुँदै हाल शिक्षा तथा खेलकुद मन्त्रालय नाम कायम भई सबै शैक्षिक संस्थाहरूको केन्द्रीय निकायको रूपमा रहेको छ। शैक्षिक सेवा प्रवाहको लागि मन्त्रालय अन्तर्गत केन्द्रमा केन्द्रीय निकायहरू, विश्वविद्यालयहरू, प्रतिष्ठानहरू, बोर्ड, आयोग, परिषद्, समिति, सचिवालय रहेका छन् भने जिल्ला स्तरमा शिक्षा विकास तथा समन्वय इकाई स्थापना गरिएका छन्। हाल स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम विद्यालय तहको शिक्षा संचालन तथा व्यवस्थापन स्थानीय तहबाट भइरहेको छ।

१. शिक्षा तथा खेलुकद मन्त्रालयको कार्यक्षेत्र

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०८३ को अनुसूची २ बमोजिमअनुसार शिक्षा तथा खेलकुद मन्त्रालयको कार्यक्षेत्र तपसिलबमोजिम रहेको छ :

१. शिक्षा तथा खेलकुदसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन
२. केन्द्रीय विश्वविद्यालयसम्बन्धी नीति, कानुन र मापदण्ड
३. विदेशी विश्वविद्यालयसँगको सम्बन्धन, समकक्षता निर्धारण, प्रत्यायन (एक्रिडिटेसन), समन्वय तथा नियमन
४. केन्द्रीय पुस्तकालयसम्बन्धी नीति, कानुन र व्यवस्थापन
५. मानव संसाधन आवश्यकता प्रक्षेपण, राष्ट्रिय शैक्षिक योजना एवम् मानवस्रोत विकास योजना
६. विद्यालय तहको राष्ट्रिय पाठ्यक्रम प्रारूप, मूल विषयको पाठ्यक्रम, नमुना पाठ्यपुस्तक र नियमन
७. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको राष्ट्रिय नीति, पाठ्यक्रम प्रारूप, योग्यता निर्धारण, सिप परीक्षणको मापदण्ड
८. विद्यालय तहको शिक्षकको सेवा सर्त, योग्यता एवम् समकक्षताको नीति र मापदण्ड
९. शिक्षक तालिमसम्बन्धी नीति, मापदण्ड र स्तरीकरण, पाठ्यक्रम प्रारूप, योग्यता निर्धारण, सिप परीक्षणको मापदण्ड तथा तालिम केन्द्रसँगको समन्वय
१०. विद्यालय तहको परीक्षाको राष्ट्रिय मापदण्ड, माध्यमिक तहको परीक्षा व्यवस्थापन तथा समकक्षता निर्धारण
११. कूटनीतिक नियोगबाट सम्बन्धन लिई सञ्चालन हुने शैक्षिक संस्थाको स्वीकृति
१२. विदेशी शैक्षिक संस्थाबाट सम्बन्धन लिई सञ्चालन हुने शैक्षिक संस्थाको स्वीकृति, शैक्षिक परामर्श, प्रत्यायन तथा नियमन
१३. प्रदेश तथा स्थानीय तहको शैक्षिक विषयमा समन्वय
१४. विश्वविद्यालय अनुदान आयोग, केन्द्रीय विश्वविद्यालय, खुला विश्वविद्यालय र केन्द्रीय स्तरका शैक्षिक प्रतिष्ठान
१५. छात्रवृत्ति र विद्वत् वृत्तिसम्बन्धी नीति र मापदण्ड
१६. शैक्षिक अध्ययन, अनुसन्धानको स्वीकृतिसम्बन्धी नीति, कानुन र मापदण्ड
१७. राष्ट्रिय प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन
१८. शैक्षिक गुणस्तर मानक निर्धारण, मापन तथा नियमन
१९. राष्ट्रिय परीक्षा बोर्ड, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्
२०. स्काउटसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन
२१. राष्ट्रिय खेलकुद परिषद्
२२. राष्ट्रिय स्तरका खेलकुद सङ्घसंस्थाको नियमन र समन्वय
२३. राष्ट्रिय, प्रादेशिक र अन्तर्राष्ट्रियस्तरमा खेलकुद विकास र प्रवर्धन
२४. राष्ट्रिय, प्रादेशिक र अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना र सहभागिता
२५. मन्त्रालयसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय सङ्घसंस्थासँग सन्धि, सम्झौता, सम्पर्क र समन्वय
२६. मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन

२७. नेपाल शिक्षा सेवाको सञ्चालन (आर्कियोलजी समूहबाहेक)

१.२ शिक्षा तथा खेलुकद मन्त्रालयसम्बद्ध र मातहतका निकायहरू

माथि १.२ मा उल्लिखित कार्यको सम्पादनका लागि मन्त्रालयसम्बद्ध र मातहत विभिन्न निकायहरू कार्यरत रहेका छन्। ती निकायहरूको सूची तल दिइएको छ।

१. श्री शिक्षा विभाग, सानोठिमी, भक्तपुर
२. श्री विश्वविद्यालय अनुदान आयोग, सानोठिमी, भक्तपुर
३. श्री शिक्षक सेवा आयोग, सानोठिमी, भक्तपुर
४. श्री चिकित्सा शिक्षा आयोग, सानोठिमी, भक्तपुर
५. श्री प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, सानोठिमी, भक्तपुर
६. श्री पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर
७. श्री राष्ट्रिय परीक्षा बोर्ड, सानोठिमी, भक्तपुर
८. श्री शैक्षिक गुणस्तर परीक्षण केन्द्र, सानोठिमी, भक्तपुर
९. श्री राष्ट्रिय किताबखाना (शिक्षक), ताहाचल, काठमाडौं
१०. श्री केशर पुस्तकालय, केशरमहल, काठमाडौं
११. श्री नेपाल राष्ट्रिय पुस्तकालय, सानोठिमी, भक्तपुर
१२. श्री डिल्लीरमण कल्याणी रेग्मी पुस्तकालय, लाजिम्पाट, काठमाडौं
१३. श्री युनेस्कोको निमित्त नेपाल राष्ट्रिय आयोग, सिंहदरबार, काठमाडौं
१४. श्री राष्ट्रिय खेलकुद परिषद्, त्रिपुरेश्वर काठमाडौं
१५. श्री नेपाल स्काउट, लैनचौर काठमाडौं
१६. श्री जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, सामोठिमी, भक्तपुर

* आ.व. २०८३।८४ मा भएको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणद्वारा **श्री राष्ट्रिय किताबखाना (शिक्षक)** भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासनअन्तर्गत रहने व्यवस्था गरेको छ ।

उपर्युक्त बमोजिमको कार्यहरू सम्पादन गर्न मन्त्रालयमा ४ वटा महाशाखाहरू २० वटा शाखा रहेका छन् ।

१. मन्त्रालयमा रहने कर्मचारी संख्या र कार्यविवरण

२.१ शिक्षा तथा खेलकुद मन्त्रालय र मातहत निकायहरूको प्रस्तावित संगठन संरचना

अनुसूची १.१

नेपाल सरकार

शिक्षा तथा खेलकुद मन्त्रालयको हाल प्रस्तावित सङ्गठन संरचना



अनुसूची १.२

नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
शिक्षा विभागको प्रस्तावित सङ्गठन संरचना



अनुसूची १.३

नेपाल सरकार
शिक्षक सेवा आयोग
प्रस्तावित सङ्गठन संरचना



अनुसूची १.४

नेपाल सरकार

शिक्षा तथा खेलकुद मन्त्रालय

पाठ्यक्रम विकास केन्द्रको सङ्गठन संरचना



अनुसूची १.५

नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
शैक्षिक गुणस्तर परीक्षण केन्द्र



अनुसूची १.६

नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
नेपाल राष्ट्रिय पुस्तकालयको सङ्गठन संरचना



अनुसूची १.७

नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
केशर पुस्तकालयको सङ्गठन संरचना



नेपाल सरकार

अनुसूची १.८

शिक्षा तथा खेलकुद मन्त्रालय

शिक्षा विभाग

शिक्षा विकास तथा समन्वय एकाइको सङ्गठन संरचना

काठमाण्डौ, झापा, मोरङ, चितवत, रुपन्देही र कैलाली (६ जिल्ला)



नेपाल सरकार

अनुसूची १.९

शिक्षा तथा खेलकुद मन्त्रालय

शिक्षा विभाग

शिक्षा विकास तथा समन्वय एकाइको सङ्गठन संरचना

इलाम, सुनसरी, धनकुटा, सप्तरी, सिराहा, उदयपु, र धनुषा, महोत्तरी, सर्लाही, सिन्धुली, रौतहट, बारा, पर्सा, मकवानपुर, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, भक्तपुर, ललितपुर, नुवाकोट, धादिङ, गोरखा, तनहुँ, स्याङ्जा, कास्की, बाग्लुङ, नवलपरासी (वर्दघाट सुस्ता पूर्व), नवलपरासी (वर्दघाट सुस्ता पश्चिम) कपिलवस्तु, पाल्पा, गुल्मी, सुर्खेत, दाङ, बाँके, बर्दिया, कञ्चनपुर र डोटी (३६ जिल्ला)

एकाइ प्रमुख

उ.स., रा.प.द्वि. (शि./शि.प्र.) -१

योजना तथा कार्यक्रम/ परीक्षा/
विद्यालय प्रशासन शाखा

शा.अ., रा.प.तृ. (शि./शि.प्र.) -२

प्रा.स., रा.प.अनं.प्र. (शि./शि.प्र.) -२

हलुका सवारी चालक (श्रेणीविहिन) -१

कार्यालय सहयोगी (श्रेणीविहिन) -२

नेपाल सरकार

अनुसूची १.१०

शिक्षा तथा खेलकुद मन्त्रालय

शिक्षा विभाग

शिक्षा विकास तथा समन्वय एकाइको सङ्गठन संरचना

ताप्लेजुङ, पाँचथर, तेह्रथुम, भोजपुर, संखुवासभा, खोटाङ, ओखलढुङ्गा, सोलुखुम्बु, रामेछाप, दोलखा, लमजुङ, म्याग्दी, पर्वत, अर्घाखाँची, प्युठान, रोल्पा, रुकुम (पूर्वी भाग), रुकुम (पश्चिम भाग), सल्यान, जाजरकोट, दैलेख, अछाम, बझाङ, बाजुरा, डडेलधुरा, बैतडी, दार्चुला (२७ जिल्ला)

एकाइ प्रमुख

शा.अ., रा.प.तृ. (शि./शि.प्र.) -१

↓

योजना तथा कार्यक्रम/ परीक्षा/

विद्यालय प्रशासन शाखा

प्रा.स., रा.प.अनं.प्र. (शि./शि.प्र.) -३

कार्यालय सहयोगी (श्रेणीविहिन) -२

नेपाल सरकार

अनुसूची १.११

शिक्षा तथा खेलकुद मन्त्रालय

शिक्षा विभाग

शिक्षा विकास तथा समन्वय एकाइको सङ्गठन संरचना

रसुवा, मुस्ताङ, मनाङ, हुम्ला, जुम्ला, डोल्पा, मुगु, कालिकोट (८ जिल्ला)



अनुसूची २ प्रस्तावित दरबन्दी विवरण (तेरिज)

नेपाल सरकार

अनुसूची २.१

शिक्षा तथा खेलकुद मन्त्रालय

प्रस्तावित सङ्गठन संरचनाको दरबन्दी विवरण (तेरिज)

सि. नं.	पदको नाम	श्रेणी/स्तर	सेवा	समूह	उपसमूह	मौजुदा दरबन्दी	थप	घट	खुद कायम जम्मा
१	सचिव	विशिष्ट	-	-	-	०	१	०	१
२	सहसचिव	रा.प.प्रथम	प्रशासन	सामान्य प्रशासन	-	०	१	०	१
३	सहसचिव	रा.प.प्रथम	शिक्षा	शिक्षा प्रशासन	-	०	३	०	३
४	उपसचिव	रा.प.द्वितीय	प्रशासन	सामान्य प्रशासन	-	०	३	०	३
५	उपसचिव	रा.प.द्वितीय	शिक्षा	शिक्षा प्रशासन	-	०	१४	०	१४
६	उपसचिव	रा.प.द्वितीय	प्रशासन	लेखा	-	०	१	०	१
७	वरिष्ट पु. अधिकृत	रा.प.द्वितीय	शिक्षा	पुस्तकालय विज्ञान	-	०	१	०	१
८	उपसचिव	रा.प.द्वितीय	न्याय	कानुन	-	०	१	०	१
९	सूचना प्रविधि निर्देशक	रा.प.द्वितीय	विविध	-	-	०	१	०	१
१०	शाखा अधिकृत	रा.प.तृतीय	प्रशासन	सामान्य प्रशासन	-	०	८	०	८
११	लेखा अधिकृत	रा.प.तृतीय	प्रशासन	लेखा	-	०	२	०	२
१२	शाखा अधिकृत	रा.प.तृतीय	शिक्षा	शिक्षा प्रशासन	निरीक्षण	०	२०	०	२०
१३	शाखा अधिकृत	रा.प.तृतीय	शिक्षा	शिक्षा प्रशासन	शारीरिक	०	३	०	३
१४	कम्प्युटर इञ्जिनियर	रा.प.तृतीय	विविध	-	-	०	१	०	१
१५	पुस्तकालय अधिकृत	रा.प.तृतीय	शिक्षा	पुस्तकालय विज्ञान	-	०	१	०	१
१६	शाखा अधिकृत	रा.प.तृतीय	न्याय	कानुन	-	०	२	०	२
१७	तथ्याङ्क अधिकृत	रा.प.तृतीय	तथ्याङ्क	-	-	०	१	०	१
					अधिकृतस्तर जम्मा	०	६४	०	६४
१८	नायब सुब्बा	रा.प.अनं.प्रथम	प्रशासन	सामान्य प्रशासन	-	०	८	०	८
१९	लेखापाल	रा.प.अनं.प्रथम	प्रशासन	लेखा	-	०	२	०	२

सि. नं.	पदको नाम	श्रेणी/स्तर	सेवा	समूह	उपसमूह	मौजुदा दरबन्दी	थप	घट	खुद कायम जम्मा
२०	प्राविधिक सहायक	रा.प.अनं.प्रथम	शिक्षा	शिक्षा प्रशासन	निरीक्षण	०	१०	०	१०
२१	पुस्तकालय सहायक	रा.प.अनं.प्रथम	शिक्षा	पुस्तकालय विज्ञान	-	०	१	०	१
२२	कम्प्युटर अपरेटर	रा.प.अनं.प्रथम	विविध	-	-	०	१०	०	१०
२३	इलेक्ट्रिसियन*	रा.प.अनं.प्रथम	इन्जिनियरिङ्ग	मे.इ.	ज.मे.	०	०	०	०
२४	टेलिफोन अपरेटर*	रा.प.अनं.प्रथम	विविध	-	-	०	१	०	१
२५	हलुका सवारी चालक	श्रेणीविहीन	इन्जिनियरिङ्ग	मे.इ.	ज.मे.	०	१२	०	१२
२६	कार्यालय सहयोगी	श्रेणीविहीन	प्रशासन	-	-	०	१८	०	१८
सहायकस्तर जम्मा						**०**	**६२**	**०**	**६२**
कूल जम्मा						**०**	**१२६**	**०**	**१२६**

***नोटः**

१. संगठन तथा व्यवस्थापन सर्वेक्षणको क्रममा नेपाल शिक्षा सेवा, रा.प.प्रथम (शिक्षा प्रशासन) श्रेणी सहसचिव -२, रा.प.द्वितीय श्रेणी (शिक्षा प्रशासन) उपसचिव -१०, रा.प.द्वितीय श्रेणी (प.तथा.मू. समूह, शै.प.तथा.मू. उपसमूह) निर्देशक -१, रा.प.तृतीय श्रेणी (शिक्षा प्रशासन, निरीक्षण उपसमूह) विद्यालय निरीक्षक/शाखा अधिकृत -४, अंग्रेजी उपसमूहका प्राविधिक अधिकृत -२, कला समूह, छविकला उपसमूह, रा.प.अनं. प्रथम श्रेणी क्यामेरामेन -२, मुद्रण समूह, रा.प.अनं. प्रथम श्रेणी सिनियर बुक बाइन्डर -२ गरी जम्मा २३ (तेइस) पद कटौती भएकोले उक्त पदहरूलाई मन्त्रालयको पुल दरबन्दीमा राख्ने।

२. नेपाल विविध सेवा, रा.प.अनं. प्रथम श्रेणीको टेलिफोन अपरेटर र नेपाल इन्जिनियरिङ्ग सेवा, रा.प.अनं. प्रथम श्रेणीको इलेक्ट्रिसियन पद जुनसुकै कारणले रिक्त भएमा उक्त पदहरू स्वतः खारेज हुनेछन्।

अनुसूची २.२

नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
शिक्षा विभाग
प्रस्तावित सङ्गठन संरचनाको दरबन्दी विवरण (तेरिज)

सि.नं.	पदको नाम	श्रेणी/स्तर	सेवा	समूह	उपसमूह	मौजुदा दरबन्दी	थप	घट	खुद कायम हुने
१	महानिर्देशक	रा.प.प्रथम	शिक्षा	शिक्षा प्रशासन	-	०	१	०	१
२	उपमहानिर्देशक	रा.प.प्रथम	शिक्षा	शिक्षा प्रशासन	-	०	३	०	३
३	निर्देशक	रा.प.द्वितीय	प्रशासन	सामान्य प्रशासन	-	०	१	०	१
४	निर्देशक	रा.प.द्वितीय	शिक्षा	शिक्षा प्रशासन	-	०	९	०	९
५	उपसचिव (लेखा)	रा.प.द्वितीय	प्रशासन	लेखा	-	०	१	०	१
६	निर्देशक	रा.प.द्वितीय	शिक्षा	पुस्तकालय विज्ञान	-	०	१	०	१
७	सि.डि.ई.	रा.प.द्वितीय	इन्जिनियरिङ्ग	सिभिल	वि.एण्ड.आ.	०	१	०	१
८	शाखा अधिकृत	रा.प.तृतीय	प्रशासन	सामान्य प्रशासन	-	०	२	०	२
९	शाखा अधिकृत	रा.प.तृतीय	शिक्षा	शिक्षा प्रशासन	निरीक्षण	०	११	०	११
१०	कानून अधिकृत	रा.प.तृतीय	न्याय	कानून	-	०	१	०	१
११	लेखा अधिकृत	रा.प.तृतीय	प्रशासन	लेखा	-	०	१	०	१
१२	प्राविधिक अधिकृत	रा.प.तृतीय	शिक्षा	शिक्षा प्रशासन	अंग्रेजी	०	१	०	१
१३	प्राविधिक अधिकृत	रा.प.तृतीय	शिक्षा	शिक्षा प्रशासन	विज्ञान	०	१	०	१
१४	प्राविधिक अधिकृत	रा.प.तृतीय	शिक्षा	शिक्षा प्रशासन	गणित	०	१	०	१
१५	प्राविधिक अधिकृत	रा.प.तृतीय	शिक्षा	शिक्षा प्रशासन	नेपाली	०	१	०	१

सि.नं.	पदको नाम	श्रेणी/स्तर	सेवा	समूह	उपसमूह	मौजुदा दरबन्दी	थप	घट	खुद कायम हुने
१६	प्राविधिक अधिकृत	रा.प.तृतीय	शिक्षा	शिक्षा प्रशासन	सामाजिक	०	१	०	१
१७	प्राविधिक अधिकृत	रा.प.तृतीय	शिक्षा	शिक्षा प्रशासन	शारीरिक	०	१	०	१
१८	कला अधिकृत	रा.प.तृतीय	शिक्षा	कला	चित्रकला	०	१	०	१
१९	पुस्तकालय अधिकृत	रा.प.तृतीय	शिक्षा	पुस्तकालय विज्ञान	-	०	१	०	१
२०	रेडियो इन्जिनियर	रा.प.तृतीय	इन्जि.	स्टुडियो इ.	टेलिकम	०	०	०	०
२१	इन्जिनियर	रा.प.तृतीय	इन्जि.	सिभिल	वि.एण्ड.आ.	०	१	०	१
२२	कम्प्युटर इन्जिनियर	रा.प.तृतीय	विविध	-	-	०	१	०	१
२३	कम्प्युटर अधिकृत	रा.प.तृतीय	विविध	-	-	०	०	०	०
२४	तथ्याङ्क अधिकृत	रा.प.तृतीय	आ.यो.तथा.त.	तथ्याङ्क	-	०	१	०	१
२५	नायब सुब्बा	रा.प.अनं.प्रथम	प्रशासन	सामान्य प्रशासन	-	०	६	०	६
२६	लेखापाल	रा.प.अनं.प्रथम	प्रशासन	लेखा	-	०	१	०	१
२७	प्राविधिक सहायक	रा.प.अनं.प्रथम	शिक्षा	शिक्षा प्रशासन	-	०	६	०	६
२८	सहायक इलुष्ट्रेटर	रा.प.अनं.प्रथम	शिक्षा	कला	चित्रकला	०	०	०	०
२९	कम्प्युटर अपरेटर	रा.प.अनं.प्रथम	विविध	-	-	०	४	०	४
३०	सब इन्जिनियर	रा.प.अनं.प्रथम	इन्जि.	सिभिल	वि.एण्ड.आ.	०	२	०	२
३१	रेडियो टेक्निसियन	रा.प.अनं.प्रथम	इन्जि.	इन्जि.	टेलिकम	०	१	०	१
३२	क्यामेरामेन	रा.प.अनं.प्रथम	शिक्षा	कला	छविकला	०	१	०	१
३३	भिडियो इडिटर	रा.प.अनं.प्रथम	शिक्षा	कला	छविकला	०	२	०	२
३४	भा.स.चा/ह.स.चा.	श्रेणीविहीन	इन्जिनियरिङ्ग	मे.इ.	ज.मे.	०	८	२	८
३५	कार्यालय सहयोगी	श्रेणीविहीन	प्रशासन	-	-	०	९	०	९
					जम्मा	०	**८३**	०	**८३**

अनुसूची २.३

नेपाल सरकार
शिक्षक सेवा आयोग
प्रस्तावित सङ्गठन संरचनाको दरबन्दी विवरण (तेरिज)

सि. नं.	पदको नाम	श्रेणी/स्तर	सेवा	समूह	उपसमूह	मौजुदा दरबन्दी	थप	घट	खुद कायम जम्मा
१	प्रशासकीय प्रमुख	रा.प.प्रथम	शिक्षा	शिक्षा प्रशासन	-	१	०	०	१
२	उप सचिव	रा.प.द्वितीय	शिक्षा	शिक्षा प्रशासन	-	७	०	०	७
३	उप सचिव	रा.प.द्वितीय	न्याय	कानुन	-	१	०	०	१
४	शाखा अधिकृत	रा.प.तृतीय	प्रशासन	सामान्य प्रशासन	-	१	०	०	१
५	लेखा अधिकृत	रा.प.तृतीय	प्रशासन	लेखा	-	१	०	०	१
६	शाखा अधिकृत	रा.प.तृतीय	शिक्षा	शिक्षा प्रशासन	निरीक्षण	६	०	०	६
७	कम्प्युटर ईञ्जिनियर	रा.प.तृतीय	विविध	-	-	०	१	०	१
८	नायव सुब्बा	रा.प.अनं.प्रथम	प्रशासन	सामान्य प्रशासन	-	६	०	३	३
९	लेखापाल	रा.प.अनं.प्रथम	प्रशासन	लेखा	-	१	०	०	१
१०	प्राविधिक सहायक	रा.प.अनं.प्रथम	शिक्षा	शिक्षा प्रशासन	निरीक्षण	०	३	०	३
११	कम्प्युटर अपरेटर	रा.प.अनं.प्रथम	विविध	-	-	१	०	०	१
१२	ह.स.चा.	श्रेणीविहिन	इन्जिनियरिङ्ग	मे.ई.	ज.मे.	५	०	०	५
१३	कार्यालय सहयोगी	श्रेणीविहिन	प्रशासन	-	-	१०	०	२	८
					जम्मा	४०	४	५	३९

अनुसूची २.४

नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
प्रस्तावित सङ्गठन संरचनाको दरबन्दी विवरण (तेरिज)

सि. नं.	पदको नाम	श्रेणी/स्तर	सेवा	समूह	उपसमूह	मौजुदा दरबन्दी	थप	घट	खुद कायम जम्मा
१	कार्यकारी निर्देशक	रा.प.प्रथम	शिक्षा	शिक्षा प्रशासन	-	१	०	०	१
२	निर्देशक	रा.प.द्वितीय	प्रशासन	सामान्य प्रशासन	-	१	०	०	१
३	निर्देशक	रा.प.द्वितीय	शिक्षा	शिक्षा प्रशासन	-	९	०	२	७
४	शाखा अधिकृत	रा.प.तृतीय	प्रशासन	सामान्य प्रशासन	-	१	०	०	१
५	शाखा अधिकृत	रा.प.तृतीय	शिक्षा	शिक्षा प्रशासन	निरीक्षण	४	०	१	३
६	लेखा अधिकृत	रा.प.तृतीय	प्रशासन	लेखा	-	१	०	०	१
७	पाठ्यक्रम अधिकृत	रा.प.तृतीय	शिक्षा	शिक्षा प्रशासन	अंग्रेजी	३	०	०	३
८	पाठ्यक्रम अधिकृत	रा.प.तृतीय	शिक्षा	शिक्षा प्रशासन	गणित	२	०	०	२
९	पाठ्यक्रम अधिकृत	रा.प.तृतीय	शिक्षा	शिक्षा प्रशासन	विज्ञान	२	०	०	२
१०	पाठ्यक्रम अधिकृत	रा.प.तृतीय	शिक्षा	शिक्षा प्रशासन	सामाजिक	२	०	०	२
११	पाठ्यक्रम अधिकृत	रा.प.तृतीय	शिक्षा	शिक्षा प्रशासन	नेपाली	३	०	०	३
१२	पाठ्यक्रम अधिकृत	रा.प.तृतीय	शिक्षा	शिक्षा प्रशासन	संस्कृत	१	०	०	१
१३	पाठ्यक्रम अधिकृत	रा.प.तृतीय	शिक्षा	शिक्षा प्रशासन	शारीरिक	१	०	०	१
१४	पाठ्यक्रम अधिकृत	रा.प.तृतीय	शिक्षा	शिक्षा प्रशासन	व्यावसायिक	१	०	०	१

सि. नं.	पदको नाम	श्रेणी/स्तर	सेवा	समूह	उपसमूह	मौजुदा दरबन्दी	थप	घट	खुद कायम जम्मा
१५	पुस्तकालय अधिकृत	रा.प.तृतीय	शिक्षा	पु.वि.	-	१	०	०	१
१६	कला अधिकृत	रा.प.तृतीय	शिक्षा	कला	चित्रकला	१	०	०	१
१७	अर्थशास्त्री	रा.प.तृतीय	विविध	-	-	१	०	०	१
१८	कानुन अधिकृत	रा.प.तृतीय	न्याय	कानुन	-	१	०	०	१
१९	छविकार	रा.प.तृतीय	शिक्षा	कला	छविकला	०	१	०	१
२०	श्रव्यदृश्य अधिकृत	रा.प.तृतीय	विविध	-	-	१	०	१	०
२१	कम्प्युटर अधिकृत	रा.प.तृतीय	विविध	-	-	१	०	१	०
२२	कम्प्युटर इन्जिनियर	रा.प.तृतीय	विविध	-	-	०	१	०	१
२३	नायब सुब्बा	रा.प.अनं.प्रथम	प्रशासन	सामान्य प्रशासन	-	३	०	०	३
२४	लेखापाल	रा.प.अनं.प्रथम	प्रशासन	लेखा	-	१	०	०	१
२५	प्राविधिक सहायक	रा.प.अनं.प्रथम	शिक्षा	शिक्षा प्रशासन	निरीक्षण	२	०	०	२
२६	कम्प्युटर अपरेटर	रा.प.अनं.प्रथम	विविध	-	-	३	०	०	३
२७	स.इलस्ट्रेटर	रा.प.अनं.प्रथम	शिक्षा	कला	चित्रकला	०	१	०	१
२८	भा.स.चा./ह.स.चा.	श्रेणीविहिन	इन्जिनियरिङ्ग	मे.ई.	ज.मे.	३	०	०	३
२९	कार्यालय सहयोगी	श्रेणीविहिन	प्रशासन	-	-	५	०	०	५
					जम्मा	**५५**	**३**	**५**	**५३**

अनुसूची २.५

नेपाल सरकार

शिक्षा तथा खेलकुद मन्त्रालय

शैक्षिक गुणस्तर परीक्षण केन्द्र

प्रस्तावित सङ्गठन संरचनाको दरबन्दी विवरण (तेरिज)

सि. नं.	पदको नाम	श्रेणी/स्तर	सेवा	समूह	उपसमूह	मौजुदा दरबन्दी	थप	घट	खुद कायम जम्मा
१	कार्यकारी निर्देशक	रा.प.प्रथम	शिक्षा	शिक्षा प्रशासन	-	१	०	०	१
२	निर्देशक	रा.प.द्वितीय	शिक्षा	शिक्षा प्रशासन	-	३	१	०	४
३	निर्देशक*	रा.प.द्वितीय	शिक्षा	प.तथा.मू.	शै.प.तथा.मू.	१	०	०	१
४	लेखा अधिकृत	रा.प.तृतीय	प्रशासन	लेखा	-	१	०	०	१
५	शाखा अधिकृत	रा.प.तृतीय	शिक्षा	शिक्षा प्रशासन	निरीक्षण	८	०	०	८
६	प्राविधिक अधिकृत	रा.प.तृतीय	शिक्षा	शिक्षा प्रशासन	अंग्रेजी	१	०	०	१
७	प्राविधिक अधिकृत	रा.प.तृतीय	शिक्षा	शिक्षा प्रशासन	नेपाली	१	०	०	१
८	प्राविधिक अधिकृत	रा.प.तृतीय	शिक्षा	शिक्षा प्रशासन	गणित	१	०	०	१
९	प्राविधिक अधिकृत	रा.प.तृतीय	शिक्षा	शिक्षा प्रशासन	विज्ञान	१	०	०	१
१०	तथ्याङ्क अधिकृत	रा.प.तृतीय	आ.यो.तथा त.	तथ्याङ्क	-	१	०	१	०
११	नायब सुब्बा	रा.प.अनं.प्रथम	प्रशासन	सामान्य प्रशासन	-	२	०	१	१
१२	प्राविधिक सहायक	रा.प. अनं. प्रथम	शिक्षा	शिक्षा प्रशासन	निरीक्षण	२	०	०	२
१३	कम्प्युटर अपरेटर	रा.प. अनं. प्रथम	विविध	-	-	२	०	०	२
१४	हलुका सवारी चालक	श्रेणीविहिन	इन्जिनियरिङ्ग	मे.इ.	ज.मे.	२	०	०	२

१५	कार्यालय सहयोगी	श्रेणीविहिन	प्रशासन	-	-	४	०	१	३
					जम्मा	**३१**	**१**	**३**	**२९**

***नोटः** नेपाल शिक्षा सेवा, परीक्षण तथा मूल्याङ्कन समूह, शैक्षिक परीक्षण तथा मूल्याङ्कन उपसमूहको रा.प.द्वितीय श्रेणीको निर्देशक पद जुनसुकै कारणले रिक्त भएमा उक्त पद स्वतः खारेज हुनेछ ।

अनुसूची २.६

नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
नेपाल राष्ट्रिय पुस्तकालय
प्रस्तावित सङ्गठन संरचनाको दरबन्दी विवरण (तेरिज)

सि. नं.	पदको नाम	श्रेणी/स्तर	सेवा	समूह	उपसमूह	मौजुदा दरबन्दी	थप	घट	खुद कायम जम्मा
१	पुस्तकालय प्रमुख	रा.प.द्वितीय	शिक्षा	पुस्तकालय विज्ञान	-	०	१	०	१
२	पुस्तकालय अधिकृत	रा.प.तृतीय	शिक्षा	पुस्तकालय विज्ञान	-	०	२	०	२
३	नायब सुब्बा	रा.प.अनं.प्रथम	प्रशासन	सामान्य प्रशासन	-	०	१	०	१
४	कम्प्युटर अपरेटर	रा.प.अनं.प्रथम	विविध	-	-	०	१	०	१
५	सिनियर बुक बाइन्डर	रा.प.अनं.प्रथम	विविध	मुद्रण	-	०	०	१	०
६	पुस्तकालय सहायक	रा.प.अनं.प्रथम	शिक्षा	पुस्तकालय विज्ञान	-	०	५	०	५
७	लेखापाल	रा.प.अनं.प्रथम	प्रशासन	लेखा	-	०	१	०	१
८	ह.स.चा.	श्रेणीविहिन	इन्जिनियरिङ्ग	मे.इ.	ज.मे.	०	१	०	१
९	कार्यालय सहयोगी	श्रेणीविहिन	प्रशासन	-	-	०	३	०	३
					जम्मा	**०**	**१५**	**०**	**१५**

अनुसूची २.७

नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
केशर पुस्तकालय
प्रस्तावित सङ्गठन संरचनाको दरबन्दी विवरण (तेरिज)

सि. नं.	पदको नाम	श्रेणी/स्तर	सेवा	समूह	उपसमूह	मौजुदा दरबन्दी	थप	घट	खुद कायम जम्मा
१	पुस्तकालय प्रमुख	रा.प.द्वितीय	शिक्षा	पुस्तकालय विज्ञान	-	१	०	०	१
२	पुस्तकालय अधिकृत	रा.प.तृतीय	शिक्षा	पुस्तकालय विज्ञान	-	२	०	०	२
३	नायब सुब्बा	रा.प.अनं.प्रथम	प्रशासन	सामान्य प्रशासन	-	१	०	०	१
४	कम्प्युटर अपरेटर	रा.प.अनं.प्रथम	विविध	-	-	१	०	०	१
५	पुस्तकालय सहायक	रा.प.अनं.प्रथम	शिक्षा	पुस्तकालय विज्ञान	-	४	०	०	४
६	सिनियर बुक बाइन्डर	रा.प.अनं.प्रथम	शिक्षा	मुद्रण	-	१	०	१	०
७	प्राविधिक सहायक	रा.प.अनं.प्रथम	शिक्षा	पुरातत्व	-	०	१	०	१
८	लेखापाल	रा.प.अनं.प्रथम	प्रशासन	लेखा	-	१	०	०	१
९	ह.स.चा.	श्रेणीविहिन	इन्जिनियरिङ्ग	मे.इ.	ज.मे.	१	०	०	१
१०	कार्यालय सहयोगी	श्रेणीविहिन	प्रशासन	-	-	३	०	०	३
					जम्मा	**१५**	**१**	**१**	**१५**

अनुसूची २.८

नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
शिक्षा विभाग
शिक्षा विकास तथा समन्वय एकाइ
काठमाण्डौ, झापा, मोरङ, चितवत, रुपन्देही र कैलाली (६ जिल्ला)
प्रस्तावित सङ्गठन संरचनाको दरबन्दी विवरण (तेरिज)

सि. नं.	पदको नाम	श्रेणी/स्तर	सेवा	समूह	उपसमूह	मौजुदा दरबन्दी	थप	घट	कायम जम्मा	खुद कायम जम्मा
१	उपसचिव	रा.प.द्वितीय	शिक्षा	शिक्षा प्रशासन	-	१	०	०	१	६
२	शाखा अधिकृत	रा.प.तृतीय	शिक्षा	शिक्षा प्रशासन	निरीक्षण	३	०	०	३	१८
३	प्राविधिक सहायक	रा.प.अनं.प्रथम	शिक्षा	शिक्षा प्रशासन	निरीक्षण	२	०	०	२	१२
४	ह.स.चा.	श्रेणीविहिन	इन्जिनियरिङ्ग	मे.इ.	ज.मे.	१	०	०	१	६
५	कार्यालय सहयोगी	श्रेणीविहिन	प्रशासन	-	-	२	०	०	२	१२
					जम्मा	९	०	०	९	५४
६ जिल्लाको लागि ६*९=५४										

अनुसूची २.९

नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
शिक्षा विभाग
शिक्षा विकास तथा समन्वय एकाइ

इलाम, सुनसरी, धनकुटा, सप्तरी, सिराहा, उदयपुर, धनुषा, महोत्तरी, सर्लाही, सिन्धुली, रौतहट, बारा, पर्सा, मकवानपुर, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, भक्तपुर, ललितपुर, नुवाकोट, धादिङ, गोरखा, तनहुँ, स्याङ्जा, कास्की, बाग्लुङ, नवलपरासी (वर्दघाट सुस्ता पूर्व), नवलपरासी (वर्दघाट सुस्ता पश्चिम) कपिलवस्तु, पाल्पा, गुल्मी, सुर्खेत, दाङ, बाँके, बर्दिया, कञ्चनपुर रडोटी (३६ जिल्ला)

प्रस्तावित सङ्गठन संरचनाको दरबन्दी विवरण (तेरिज)

सि. नं.	पदको नाम	श्रेणी/स्तर	सेवा	समूह	उपसमूह	मौजुदा दरबन्दी	थप	घट	खुद कायम जम्मा
१	उपसचिव	रा.प.द्वितीय	शिक्षा	शिक्षा प्रशासन	-	१	०	०	१
२	शाखा अधिकृत	रा.प.तृतीय	शिक्षा	शिक्षा प्रशासन	निरीक्षण	२	०	०	२
३	प्राविधिक सहायक	रा.प.अनं.प्रथम	शिक्षा	शिक्षा प्रशासन	निरीक्षण	२	०	०	२
४	ह.स.चा.	श्रेणीविहिन	इन्जिनियरिङ्ग	मे.इ.	ज.मे.	१	०	०	१
५	कार्यालय सहयोगी	श्रेणीविहिन	प्रशासन	-	-	२	०	०	२
					जम्मा	**८**	**०**	**०**	**८**
३६ जिल्लाको लागि ३६*८ = २८८									

अनुसूची २.१०

नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
शिक्षा विभाग
शिक्षा विकास तथा समन्वय एकाइ

ताप्लेजुङ, पाँचथर, तेह्रथुम, भोजपुर, संखुवासभा, खोटाङ, ओखलढुङ्गा, सोलुखुम्बु, रामेछाप, दोलखा, लमजुङ, म्याग्दी, पर्वत, अर्घाखाँची, प्युठान, रोल्पा, रुकुम (पूर्वी भाग), रुकुम (पश्चिम भाग), सल्यान, जाजरकोट, दैलेख, अछाम, बझाङ, बाजुरा, डडेलधुरा, बैतडी, दार्चुला (२७ जिल्ला)

प्रस्तावित सङ्गठन संरचनाको दरबन्दी विवरण (तेरिज)

सि. नं.	पदको नाम	श्रेणी/स्तर	सेवा	समूह	उपसमूह	मौजुदा दरबन्दी	थप	घट	कायम जम्मा	खुद कायम जम्मा
१	शाखा अधिकृत	रा.प.तृतीय	शिक्षा	शिक्षा प्रशासन	निरीक्षण	१	०	०	१	२७
२	प्राविधिक सहायक	रा.प.अनं.प्रथम	शिक्षा	शिक्षा प्रशासन	निरीक्षण	३	०	०	३	८१
३	कार्यालय सहयोगी	श्रेणीविहिन	प्रशासन	-	-	२	०	०	२	५४
					जम्मा	६	०	०	६	१६२
२७ जिल्लाको लागि २७*६ = १६२										

अनुसूची २.११

नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
शिक्षा विभाग
शिक्षा विकास तथा समन्वय एकाइ

रसुवा, मुस्ताङ, मनाङ, हुम्ला, जुम्ला, डोल्पा, मुगु, कालिकोट (८ जिल्ला)

प्रस्तावित सङ्गठन संरचनाको दरबन्दी विवरण (तेरिज)

सि.नं	पदको नाम	श्रेणी/स्तर	सेवा	समूह	उपसमूह	मौजुदा दरबन्दी	थप	घट	कायम जम्मा	खुद कायम जम्मा
१	शाखा अधिकृत	रा.प.तृतीय	शिक्षा	शिक्षा प्रशासन	निरीक्षण	१	०	०	१	८
२	प्राविधिक सहायक	रा.प.अनं.प्रथम	शिक्षा	शिक्षा प्रशासन	निरीक्षण	२	०	०	२	१६
३	कार्यालय सहयोगी	श्रेणीविहिन	प्रशासन	सामान्य प्रशासन	-	२	०	०	२	१६
					जम्मा	५	०	०	५	४०
८ जिल्लाको लागि ८*५ = ४०										

स्रोत: कर्मचारी प्रशासन तथा सुशासन प्रबर्धन शाखा

२. शिक्षा तथा खेलकुद मन्त्रालयको महाशाखा र शाखागत कार्यविवरण

(क) प्रशासन महाशाखा

- मन्त्रिपरिषद्को बैठक, संसद तथा माननीय मन्त्रीज्यू समक्ष पेश गर्नुपर्ने र नीतिगत निर्णय लिनुपर्ने प्रशासन महाशाखासँग सम्बन्धित विषयमा राय सहित पेश गर्ने कार्य;
- नेपाल शिक्षा सेवाको सञ्चालन (आर्कियोलोजी समूह बाहेक) सम्बन्धी सम्पुर्ण कार्य;
- कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन र अन्य गतिविधि र क्रियाकलापहरूको व्यक्तिगत अभिलेख अद्यावधिक सम्बन्धी कार्य;
- मन्त्रालय र मातहतका निजामती कर्मचारीहरूको नियुक्ति, सरूवा, पदस्थापना, पुरस्कार, विभागीय सजाय, अवकाश, स्वदेशी तथा विदेशी तालिम, अध्ययन, भ्रमण, गोष्ठी, सेमिनारमा मनोनयन सम्बन्धी कार्य ;
- प्रदेश तथा स्थानीय तहसँग सम्बन्धित शैक्षिक निकायहरूसँग सम्बन्धित जनशक्ति व्यवस्थापन, सहयोग, समन्वय तथा अनुगमन सम्बन्धी कार्य ;

- मन्त्रालय र सम्बद्ध निकायका कर्मचारीहरूको सेवा, शर्त तथा वृत्ति विकास सम्बन्धमा प्रचलित ऐन नियमसम्बन्धी कार्य;
- कानुनी राय परामर्श, ऐन-नियमको मस्यौदा, राजपत्रमा सूचना प्रकाशन, रिट निवेदनहरूको लिखित जवाफसम्बन्धी कार्य ;
- मन्त्रालयको स्वीकृत वार्षिक बजेट र आर्थिक कार्यविधि र नियमावलीको परिधिमा रही खर्च गर्ने, लेखा परीक्षण गराउने कार्य;
- मन्त्रालयको चालु तथा पुँजीगत तर्फको बजेट तयारी तथा निकासा, केन्द्रीय हिसाब तयार गरी पेश गर्न गराउन सहजीकरणसम्बन्धी कार्य;
- मन्त्रालय र सम्बद्ध निकायहरूको केन्द्रीय हिसाब तयार गरी पेश गर्ने, गराउने तथा बेरूजु फछ्यौंट गर्ने, गराउने कार्य;
- नागरिकले पाउनुपर्ने सेवा, सुविधा समूचित ढङ्गले पाए नपाएको, नागरिक बडापत्रको कार्यान्वयन स्थिति एवम् सोही बमोजिमको मानव संशाधन विकासका कार्य;
- स्वीकृत वार्षिक बजेटको खरिद योजना/गुरुयोजना तयार गरी आवश्यकताअनुसार लागत अनुमान स्वीकृत गर्ने, बोलपत्र तथा दरभाउपत्रसम्बन्धी कागजातहरू स्वीकृत गर्ने, कार्यविवरण स्वीकृत गर्ने तथा परामर्शदाता एवम् आपूर्तिकर्ताहरूसँग सम्झौतासम्बन्धी कार्य;
- आफ्नो महाशाखा अन्तर्गतका शाखाहरूको लागि विनियोजन भएको बजेटबाट कार्यक्रम तयार गरी बजेट बाँडफाँट गराई कार्यान्वयन तथा अनुगमनसम्बन्धी कार्य;
- मन्त्रालय र सम्बद्ध निकायसँग सम्बन्धित जनगुनासो तथा उजुरी सुन्ने र सोको आवश्यक कारबाही गरी फछ्यौंट गर्ने, उजुरी/गुनासो सम्पादन र फछ्यौंट कार्यहरू गर्दा आवश्यक पर्ने स्रोत साधनको व्यवस्थापन सम्बन्धी कार्य;
- मन्त्रालय र सम्बद्ध निकायका कार्यसम्पादन सम्बन्धमा नियमनकारी निकायलगायतबाट प्राप्त उजुरी तथा गुनासोका सम्बन्धमा छानबिन गरी प्रतिवेदन पेश गर्ने लगायतका कार्य;
- विभिन्न नियमनकारी निकायका सिफारिस र निर्देशनका सम्बन्धमा कार्ययोजना तयारी, कार्यान्वयन र प्रतिवेदनसम्बन्धी कार्य;
- अख्तियारको दुरुपयोग तथा भ्रष्टाचार निवारणसम्बन्धी विषयमा मन्त्रालयको सम्पर्क बिन्दुको कार्य;
- सबै महाशाखाहरूको प्रशासकीय कार्य सम्पादन गर्न समन्वय, सहयोगी र नेतृत्वदायी भूमिका निर्वाहसम्बन्धी कार्य;
- मन्त्रालयले तोकेबमोजिम अन्य कार्य ।

कर्मचारी प्रशासन शाखा

- मन्त्रालय र मातहतका निजामती कर्मचारीहरूको नियुक्ति, सरुवा, बढुवा, पदपूर्ति, अस्थायी दरबन्दी, पदस्थापन, पुरस्कार, विभागीय सजाय, अवकाश, कार्यसम्पादन मूल्याङ्कन, स्वदेशी तथा

विदेशी तालिम, अध्ययन, भ्रमण, गोष्ठी, सेमिनारसम्बन्धी प्रारम्भिक कार्यहरू र निर्णयानुसार पत्राचार गर्ने तथा अभिलेख अद्यावधिक राख्ने सम्बन्धी कार्य ;

- मन्त्रालयमा कार्यरत कर्मचारीहरू को शाखा, महाशाखामा जिम्मेवारी तोक्न पेश गर्ने, कर्मचारीहरूको हाजिरी निरीक्षण सम्बन्धी कार्य;
- मन्त्रालयमा कार्यरत कर्मचारीहरूको गुनासो, प्रतिक्रिया तथा सुझावहरू व्यवस्थापन सम्बन्धी कार्य;
- कर्मचारीको वैयक्तिक विवरण समेटिएको अभिलेख व्यवस्थापन सम्बन्धी कार्य;
- मन्त्रालय र सम्बद्ध निकायहरुको लागि आवश्यक जनशक्तिको प्रक्षेपण, व्यवस्थापन र क्षमता विकास सम्बन्धी कार्य;
- आफ्नो शाखाको कर्मचारी व्यवस्थापन, स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन लगायतका नियमित कार्य;
- मन्त्रालय र सम्बद्ध निकायहरुको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी प्रारम्भिक कार्य गर्ने र निर्णयानुसार पत्राचार सम्बन्धी कार्य;
- नेपाल शिक्षा सेवाको सन्चालन (आर्कियोलोजी समूह बाहेक) सम्बन्धी कार्य;
- मन्त्रालय र मातहतका निकायहरूको रिक्त पदहरुको माग आकृति फाराम पठाउने सम्बन्धी कार्य;
- पदीय दायित्व पुरा नगर्ने र गैरआचारणको काम गरी अख्तियार दुरुपयोग गर्ने मन्त्रालय र मातहतका कर्मचारीलाई प्रचलित कानुनबमोजिम लोकसेवा आयोगको राय परामर्श लिई विभागीय कारबाही गर्ने गराउने सम्बन्धमा सम्बन्धित महाशाखाको रायसहित अग्रिम कारबाहीका लागि प्रशासन महाशाखामा पेश गर्ने सम्बन्धी कार्य;
- निजामती कर्मचारीहरूको उजुरी/सम्पत्ति विवरण अभिलेख तथा PIS व्यवस्थापन सम्बन्धी कार्य;
- नेपाल सरकार, मन्त्रिपरिषद्को बैठकमा पेश गर्नुपर्ने प्रस्ताव तयार गर्ने कार्य;
- मन्त्रालयले तोकेबमोजिम अन्य कार्य ।

आर्थिक प्रशासन शाखा

- मन्त्रालय र मातहतका निकायहरुको वार्षिक बजेट तथा कार्यक्रम तयार गर्न सहजीकरण गर्ने सम्बन्धी कार्य;
- मन्त्रालय र मातहतका निकायहरुको बजेट रकमान्तर तथा स्रोतान्तर गर्न सहजीकरण गर्ने सम्बन्धी कार्य;
- मन्त्रालयको बजेट खर्च लेखाङ्कन तथा प्रतिवेदन सम्बन्धी कार्य;
- मन्त्रालयको राजस्व तथा धरौटी सम्बन्धी कार्य ;
- मन्त्रालयको केन्द्रीय लेखा (नेपाल सार्वजनिक क्षेत्र लेखामानमा आधारित) तयारी सम्बन्धी कार्य;
- मन्त्रालयको आन्तरिक लेखा परीक्षण सम्बन्धी कार्य;
- मन्त्रालयको अन्तिम लेखा परीक्षण सम्बन्धी कार्य;

- मन्त्रालयको बेरूजु सम्बन्धी कार्य तथा मातहतका निकायहरुको बेरुजु फछ्यौंटमा सहजीकरण गर्ने सम्बन्धी कार्य ;
- आर्थिक प्रशासन शाखासँग सम्बन्धित वार्षिक बजेटमा उल्लेखित कार्यक्रम सञ्चालन सम्बन्धी कार्य ;
- आर्थिक प्रशासनसँग सम्बन्धित विषयमा राय परामर्श उपलब्ध गराउने सम्बन्धी कार्य;
- मन्त्रालय र मातहतका निकायमा गठित विभिन्न समितिमा रही गरिने कार्य;
- मन्त्रालयले तोकेबमोजिम अन्य कार्य ।

कानून तथा फैसला कार्यान्वयन शाखा

- मन्त्रालय पक्ष/विपक्ष भएको मुद्दामा श्री सर्वोच्च अदालत र अन्य अदालतमा फिरादपत्र, प्रतिउत्तर पत्र, रिट निवेदनपत्र र लिखित जवाफको मस्यौदा गरी पेश गर्ने र दायर-दर्ता गराउने विषय सम्बन्धी कार्य;
- मन्त्रालयको नीति अनुसार मन्त्रालयको तर्फबाट विधेयक, नियम र आदेशहरूको मस्यौदा गरी सम्पादन र सहमतिका लागि कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाउने र स्वीकृत भई आएपछिको कारबाही गर्ने, गराउने सम्बन्धी कार्य;
- मन्त्रालयको निर्णय बमोजिम नेपाल राजपत्रमा प्रकाशन गरिने सूचनासम्बन्धी कारबाही गरी नेपाल राजपत्रमा प्रकाशन गर्ने, गराउने सम्बन्धी कार्य;
- मन्त्रालय र मातहतका निकायबाट विभिन्न विषयमा कानुनी राय माग भएमा राय उपलब्ध गराउनेसम्बन्धी कार्य;
- मन्त्रालय र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय तथा अन्य मन्त्रालयबीच नीतिगत तथा कानुनी विषयका सम्बन्धमा सम्पर्क शाखाको रूपमा गर्ने कार्य;
- शिक्षा, खेलकुद र स्काउट सम्बन्धी ऐन, नियम, विनियम र निर्देशिका अद्यावधिक गर्ने, गराउने कार्य;
- मन्त्रालय र मन्त्रालय सम्बद्ध पदाधिकारीलाई विपक्षी बनाई परेको रिटको लिखित जवाफ तयार गरी पेश गर्ने कार्य;
- अदालतबाट भएको फैसला कार्यान्वयनको लागि सम्बन्धित निकायमा पत्राचार गर्ने कार्य;
- ऐन, नियम, विनियम, कार्यविधि, निर्देशिका तथा मापदण्ड संशोधनका लागि गर्नुपर्ने कार्य;
- जाँचबुझ आयोगको मन्त्रालय र मातहतका निकायहरुसँग सम्बन्धित कार्य;
- मन्त्रालय र मातहतका निकायहरूको सरकारवादी मुद्दा सम्बन्धी कार्य;
- शाखासँग सम्बन्धित महत्त्वपूर्ण कागजात तथा अभिलेख व्यवस्थापन सम्बन्धी कार्य;
- मन्त्रालयले तोकेबमोजिम अन्य कार्य ।

आन्तरिक व्यवस्थापन शाखा

- मन्त्रालयमा आवश्यक पर्ने सामानहरूको माग संङ्कलन, माग फाराम स्वीकृत गर्ने, गराउने तथा खरिद कार्य तथा प्रत्यायोजित अधिकार बमोजिमका कार्य;
- खरीद भएका सामानहरूको आवश्यकता अनुसार शाखा, महाशाखामा व्यवस्थापन गर्ने, भण्डार दाखिला हुने सामानहरू आवश्यक जाँच गरी दाखिला गर्ने तथा जिन्सी स्रेस्ता अद्यावधिक राख्ने र जिन्सी लेखापरीक्षण गराउने कार्य ;
- कार्यालय सामानहरूको सञ्चय, खर्च, लिलाम र मिनाहा लगायत भण्डार व्यवस्थापन सम्बन्धी कार्य;
- मन्त्रालयको भवन, कम्पाउण्ड र बगैँचाको सुरक्षाको व्यवस्थापन मिलाउने, निरीक्षण गर्ने तथा सरसफाईसम्बन्धी कार्य;
- शाखाको कर्मचारी परिचालन,पत्र दर्ता तथा चलानी, स्वागत, सोधपुछ कक्ष, हल व्यवस्थापन सम्बन्धी कार्य;
- मन्त्रालयको सुरक्षा व्यवस्थापन, सवारी साधनको परिचालन, कार्यालय भवन, बिजुली, धारा, टेलिफोन आदिको आपूर्ति तथा मर्मत सम्भारको व्यवस्थापन सम्बन्धी कार्य;
- मन्त्रालय र मातहतका निकायहरूको जिन्सी निरीक्षण गरी आवश्यकता अनुसार पृष्ठपोषण तथा निर्देशन दिने कार्य;
- मन्त्रालय र अन्तर्गत निकायहरूको जग्गा-जमीन, भवन, सवारी साधन र अन्य सम्पत्तिहरूको संरक्षण गर्ने तथा अभिलेख व्यवस्थापन सम्बन्धी कार्य;
- मन्त्रालयले तोकेबमोजिम अन्य कार्य ।

शासकीय सुधार शाखा

- मन्त्रालय र मातहतका निकायहरूमा भए गरेका कार्यहरूमा अनियमितता वा हिनामिना भएको भनी परेका उजुरीहरूको सम्बन्धमा सुनुवाईका लागि गर्नुपर्ने कार्य;
- अख्तियार दुरूपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र, हेलो सरकार लगायत अन्य नियामक निकायमार्फत् प्राप्त निर्देशन र उक्त निकाय मार्फत आएका उजुरीमाथि आवश्यक छानबिन गर्ने गराउने र राय सहितको प्रतिवेदनसम्बन्धी कार्य;
- विभिन्न निकाय तथा माध्यमबाट प्राप्त भएका गुनासो तथा प्रतिक्रिया, सुझाव व्यवस्थापन, आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी कार्य;
- अनियमितिता वा भ्रष्टाचारका उजुरीका सम्बन्धमा सचिव वा मन्त्री वा मन्त्रिपरिषद्स्तरीय निर्णयबाट गठित छानबिन समिति वा आयोगहरूमा आवश्यकतानुसार प्रतिनिधित्व गर्ने कार्य;
- सुशासन कार्ययोजना, भ्रष्टाचार निवारण सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्देशन लगायतको कार्य योजना कार्यान्वयन गरी प्रगति प्रतिवेदन सम्बन्धी कार्य;
- अख्तियारको दुरूपयोग तथा भ्रष्टाचार निवारणसम्बन्धी कार्यमा मन्त्रालयको सम्पर्क बिन्दु (Focal Point) को रूपमा गर्ने कार्य;

- मन्त्रालय र मातहतका निकायहरूको आवधिक निरीक्षण गरी सबल पक्षको प्रोत्साहन गर्दै सुधार गर्नु पर्ने पक्षका सम्बन्धमा आवश्यक पृष्ठपोषण दिने र सोको प्रतिवेदन मन्त्रालयमा पेश गर्ने कार्य;
- आफ्नो शाखासँग सम्बन्धित आर्थिक वर्षको निम्ति सम्पादन गरिने कामकारबाहीहरूको लक्ष्य एवम् प्रगतिसहितको वार्षिक कार्ययोजना निर्माण तथा कार्यान्वयन सम्बन्धी कार्य;
- जनगुनासो एवम् उजुरी व्यवस्थापनको क्षेत्रमा प्रभावकारिता अभिवृद्धिको लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना, नीति र कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन सम्बन्धी कार्य;
- मन्त्रालयले तोकेबमोजिम अन्य कार्य ।

(ख) उच्च तथा प्राविधिक शिक्षा महाशाखा

- मन्त्रिपरिषद्को बैठक, संसद तथा माननीय मन्त्रीज्यू समक्ष पेश गर्नुपर्ने र नीतिगत निर्णय लिनुपर्ने उच्च तथा प्राविधिक शिक्षा महाशाखासँग सम्बन्धित विषयमा राय सहित पेश गर्ने कार्य;
- उच्च शिक्षाको राष्ट्रिय शैक्षिक योग्यता सम्बन्धी कार्य तथा विश्विविद्यालयले प्रदान गर्ने उच्च शिक्षा सम्बन्धमा गुणस्तर कायम गर्न योजना, नीति, नियम र मापदण्ड तय गर्ने कार्य;
- उच्च शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको विकासका लागि आवश्यक नीति, नियमहरूको तर्जुमा,कार्यान्वयन तथा अनुगमन, मूल्याङ्कन गरी पृष्ठपोषण तथा आवश्यकता अनुसार निर्देशनसम्बन्धी आवश्यक कार्य;
- उच्च शिक्षा सञ्चालन गर्ने संस्था दर्ता गर्ने क्रममा मन्त्रालयको तर्फबाट राय प्रदान गर्ने सम्बन्धी आवश्यक कार्य;
- वैदेशिक शिक्षण संस्था तथा विश्वविद्यालयहरूसँग सम्पर्क बिन्दुको काम गरी विदेशी शिक्षण संस्थाले नेपालमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धमा आवश्यक नीति, नियम र निर्देशिकासम्बन्धी कार्य;
- विदेशी शिक्षण संस्थासँग सम्बन्धन लिई कार्यक्रम सञ्चालन गर्न चाहने क्याम्पस तथा शैक्षिक संस्थाहरूको सञ्चालन अनुमति, ठाँउसारी, नाम परिवर्तन, गाभ्ने तथा खारेजी, निरीक्षण तथा अनुगमन गर्ने तथा संस्थाहरूको सम्बन्धन, नवीकरण सम्बन्धी कार्य;
- विश्वविद्यालय एवम् शिक्षण संस्थाहरूले प्रचलित ऐन तथा नियमावलीकव पालना भए नभएको विषयमा अनुगमन तथा निरीक्षण गरी गराई आवश्यकतानुसार कारबाही गर्ने वा सोको निम्ति सम्बन्धित निकायमा पेश गर्नेसम्बन्धी कार्य;
- प्राज्ञिक अनुसन्धानमा संलग्न उच्च शिक्षासम्बन्धी सङ्घ संस्थाहरूसँग समन्वय गर्ने कार्य;
- केन्द्रीय विश्वविद्यालयका उपकुलपतिहरूलाई मन्त्रालयको सल्लाहकार समूहको रूपमा विकास गर्ने सम्बन्धी आवश्यक कार्य;
- विश्वविद्यालय अनुदान आयोग र विश्वविद्यालयहरूसँग सम्बन्धित विषयगत कार्य;
- चिकित्सा शिक्षा आयोग, विश्वविद्यालय अनुदान आयोग, विश्वविद्यालयहरु, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, नेपाल मेडिकल काउन्सिल, नेपाल इन्जिनियरिङ परिषद् तथा नेपाल

नर्सिङ परिषद्, नेपाल फार्मेसी परिषद्, नेपाल स्वास्थ्य परिषद्लगायत अन्य सम्बन्धित परिषद्सँग समन्वय तथा आवश्यकता अनुसार निर्देशनसम्बन्धी कार्य;

- शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी नीति, नियम तथा निर्देशिका निर्माण गरी लागु गर्ने गराउने कार्य;
- महाशाखाको कार्यक्षेत्र अन्तर्गतका अन्य विषयमा प्रचलित ऐन नियम र नीति निर्णयको सीमाभित्र रही अन्तिम टुङ्गो लगाउने वा सोको व्यवस्था मिलाउने र त्यस्ता नीति नियममा संशोधन सुधार गर्नुपर्ने भएमा सोको राय पेश गर्ने कार्य;
- आफ्नो महाशाखा अन्तर्गतका शाखाहरूको लागि विनियोजन भएको बजेटबाट कार्यक्रम तयार गरी बजेट बाँडफाँट गराई कार्यान्वयन तथा अनुगमनसम्बन्धी कार्य;
- कुनै निकायले महाशाखासम्बन्धी विषयमा राय प्रतिक्रिया माग गरेकोमा मन्त्रालयको प्रचलित नीति र सिद्धान्त बमोजिम राय प्रतिक्रिया पेश गर्ने कार्य;
- वैदेशिक अध्ययन अनुमति (NOC) र समकक्षता सम्बन्धी विद्यमान निर्देशिकाहरूलाई समयसापेक्ष परिमार्जन गर्न मन्त्रालयमा सिफारिस सम्बन्धी कार्य;
- निजी स्रोतमा विदेशमा अध्ययन गर्न जाने विद्यार्थीहरूका लागि विषय स्वीकृति तथा विदेशी मुद्रा उपलब्ध गराउने सम्बन्धमा सम्बन्धित निकायमा सिफारिशसम्बन्धी कार्य;
- अनुमति नलिई विदेश पढ्न जाने वा अवैध माध्यमबाट रकम पठाउने कार्यलाई रोक्न बैंङ्किङ्ग क्षेत्र र नियमनकारी निकायसँग समन्वय गर्ने कार्य;
- विदेशी विश्वविद्यालय वा शिक्षण संस्थाबाट प्राप्त उपाधिहरूको मान्यता तथा समकक्षता (Equivalence) निर्धारण गर्ने मापदण्ड कार्यान्वयनसम्बन्धी कार्य;
- शङ्कास्पद वा नक्कली शैक्षिक प्रमाणपत्रहरूको छानबिन र मूल्याङ्कनका लागि विज्ञ समिति गठन र परिचालनसम्बन्धी कार्य;
- स्वदेशी र विदेशी पाठ्यक्रमको तुलनात्मक मूल्याङ्कन गरी समकक्षता सम्बन्धी विवादहरू निरूपणसम्बन्धी कार्य;
- वैदेशिक अध्ययन सम्बन्धी शैक्षिक परामर्शदाता संस्थाहरू (Consultancies)को दर्ता, नवीकरण, प्रमाणीकरण, र कार्यविधिको नियमनसम्बन्धी कार्य;
- परामर्शदाता संस्थाहरूको आकस्मिक अनुगमन गरी आचारसंहिता पालना नगर्ने संस्थालाई कानुनी दायरामा ल्याउने सम्बन्धी कार्य;
- नेपाल सरकार तथा विदेशी सरकारहरूबाट प्राप्त हुने सरकारी तथा संस्थागत छात्रवृत्तिहरूको छनोट प्रक्रियालाई निष्पक्ष र पारदर्शी बनाउने कार्य;
- परराष्ट्र मन्त्रालय, अध्यागमन विभाग, नेपाल राष्ट्र बैंङ्क, र विभिन्न देशका कूटनीतिक नियोगहरूसँग निरन्तर समन्वयसम्बन्धी कार्य;
- विद्यालय शिक्षाको मान्यता तथा समकक्षता सम्बन्धी कार्य;
- वैदेशिक अध्ययनमा जाने विद्यार्थीहरूको सुरक्षा र हितका लागि सम्बन्धित देशमा रहेका नेपाली दूतावासहरूसँग सम्पर्क सञ्जाल निर्माण गर्ने कार्य;

- मन्त्रालयले तोकेबमोजिम अन्य कार्य ।

उच्च शिक्षा शाखा

- उच्च शिक्षासम्बन्धी आवश्यक नीति नियमहरूको तर्जुमा, मापदण्ड निर्धारण, नियमन, योजना, कार्यक्रम व्यवस्थापन सम्बन्धी कार्य;
- विश्वविद्यालय तथा उच्च शिक्षा प्रदायक शैक्षिक संस्थाहरूको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गरी पृष्ठपोषण तथा आवश्यकता अनुसार निर्देशन दिने कार्य;
- विश्वविद्यालय अनुदान आयोग, विश्वविद्यालय र नेपाल सरकारबीच सम्पर्क माध्यमको रूपमा कार्य गर्ने;
- अन्तरदेशीय उच्च शिक्षा (Transnational Higher Education) सम्बन्धी नीति नियमहरूको तर्जुमा, मापदण्ड निर्धारण, नियमन, योजना, कार्यक्रम व्यवस्थापनसम्बन्धी कार्य;
- विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने शिक्षण संस्थाको अनुमति, नवीकरण, अनुगमन तथा नियमन लगायतका कार्य;
- उच्च शिक्षा र माध्यमिक शिक्षाबिच सामञ्जस्य (Vertical Linkage) कायम गर्ने सम्बन्धी कार्य;
- नेपाल विद्याभूषण, नेपाल छात्रा विद्यापदक लगायतका पदकहरू वितरणसम्बन्धी कार्य;
- विश्वविद्यालयहरुका लागि आवश्यक कानुनहरूको तर्जुमा गर्ने सम्बन्धी कार्य;
- नेपालमा विदेशी विद्यार्थीहरू अध्ययन अनुसन्धान गर्न आउन सक्ने वातावरणको सिर्जना गर्नका लागि आवश्यक पूर्वाधार विकासमा सम्बन्धित निकायहरुसँग समन्वय गर्ने कार्य;
- वैदेशिक शिक्षण संस्था तथा विश्वविद्यालयहरूसँग सम्पर्क बिन्दुको रूपमा गर्ने कार्य;
- प्राज्ञिक अनुसन्धानमा संलग्न उच्च शिक्षासम्बन्धी सङ्घ संस्थाहरूसँग समन्वय गर्ने कार्य;
- उच्च शिक्षासँग सम्बन्धित परियोजनाको वातावरणीय संक्षिप्त तथा प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनको स्वीकृति सम्बन्धी कार्य र वातावरणीय प्रभाव मूल्याङ्कनसम्बन्धी कार्य;
- विश्वविद्यालय तथा विदेशी विश्वविद्यालयले प्रदान गर्ने उच्च शिक्षाका सम्बन्धमा गुणस्तरसम्बन्धी योजना, नीति, नियम तथा मापदण्ड तय गर्ने सम्बन्धी कार्य;
- विभिन्न विश्वविद्यालयहरुबीच क्रेडिट ट्रान्सफर गर्ने व्यवस्थाका लागि आवश्यक नीति, नियम तर्जुमासम्बन्धी कार्य;
- विदेशी विश्वविद्यालयहरूबाट प्राप्त शैक्षिक उपाधीको समकक्षता सम्बन्धी नीति, नियम तर्जुमा गर्ने र कार्यान्वयन गर्ने व्यवस्था मिलाउने सम्बन्धी कार्य;
- औपचारिक एवम् अनौपचारिक प्रणालीबाट योग्यताको प्राज्ञिक प्रमाणपत्रको समकक्षतासम्बन्धी मापदण्ड निर्धारण गर्नेसम्बन्धी कार्य;
- उच्च शिक्षासम्बन्धी राष्ट्रिय योग्यता प्रारुप निर्धारणसम्बन्धी कार्य;
- विश्वविद्यालय अनुदान आयोग तथा विभिन्न विश्वविद्यालयका पदाधिकारी तथा नियुक्ती व्यवस्थापनमा सहजीकरण सम्बन्धी कार्य;
- मन्त्रालयले तोकेबमोजिम अन्य कार्य ।

प्राविधिक शिक्षा शाखा

- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम विकासका लागि आवश्यक नीति नियमहरूको तर्जुमा, मापदण्ड निर्धारण, नियमन, योजना, कार्यक्रम व्यवस्थापनसम्बन्धी कार्य;
- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सम्बन्धी अनुगमन, मूल्याङ्कन गरी पृष्ठपोषण तथा आवश्यकता अनुसार निर्देशन दिने कार्य;
- चिकित्सा शिक्षा आयोग, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, नेपाल मेडिकल काउन्सिल, नेपाल इन्जिनियरिङ परिषद् तथा नेपाल नर्सिङ परिषद्, नेपाल फार्मेसी परिषद्, नेपाल स्वास्थ्य परिषद्लगायत अन्य सम्बन्धित परिषद्सँग समन्वयसम्बन्धी कार्य;
- बहुप्राविधिक शिक्षालयसम्बन्धी नीति, नियम, योजना तर्जुमासम्बन्धी कार्य;
- माध्यमिक तहमा सञ्चालन हुने प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमसम्बन्धी नीति, नियम र योजना तर्जुमासम्बन्धी कार्य;
- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सञ्चालन गर्ने संस्थाहरूसँग समन्वय, अनुगमन, मूल्याङ्कन तथा पृष्ठपोषणसम्बन्धी कार्य;
- मेडिकल, इन्जिनियरिङ तथा अन्य प्राविधिक प्रकृतिका कलेजहरूको सञ्चालनका लागि आवश्यक नीति, नियम तर्जुमा गर्ने सम्बन्धी कार्य;
